






# CTEVT

## NEWS BULLETIN


२०७८ वर्षः १९ अङ्कः ४










### यस अङ्कका आकर्षण


- सम्पादकीय
- समाचार तथा गतिविधि
- प्रदेश गतिविधि
- सफलताको कथा
- शिक्षालय परिचय



## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर फोन नं. ०१-६६३०४६९/६६३६१७२, www.ctevt.org.np




**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

श्री जीव नारायण काफ्ले

**सम्पादक मण्डल**

श्री विनोद बडाल

श्री अनील मुनी बज्राचार्य

श्री चन्द्र प्रसाद भट्टराई

**कम्प्यूटर डिजाईन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री संगिता लामिछाने

श्री पूर्णभक्त डंगोल

श्री देवदत्त बडु

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६

फोन नं. ०१-५६३९४५९/६६३६१७२

फ्याक्स नं. ०१-६६३०६७९

इमेल : research@ctevt .org .np

website: www .ctevt .org .np

प्रकाशन मितिः २०७८ चैत्र

# सम्पादकीय

आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको व्यवस्थापन तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक निकायहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने मुख्य उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त संस्थाको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमहरुको विकास, विस्तार समतामुलक पहुँच, गुणस्तरको प्रत्याभूति, पाठ्यक्रमको निर्माण तथा परिमार्जन, स्तर निर्धारण एवं प्रमाणीकरण, प्रशिक्षकहरुको क्षमता अभिवृद्धि, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन गर्नुका साथै सरोकारवाला निकायहरु विच समन्वय तथा सहकार्य गर्दै आएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम विना देश विकास असंभव हुने भएकोले नेपालको संविधानको भाग ३ को धारा ५१ (ज) ले नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने नीतिगत व्यवस्था गरेको छ । उक्त व्यवस्थालाई कार्यान्वयन गर्न परिषद्ले विद्यमान जनशक्ति, भौतिक संरचना तथा साधन स्रोतको अधिकतम परिचालन मार्फत गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्दै आएको छ ।

विगत तीन दशक भन्दा बढी समयदेखि परिषद्ले विभिन्न लामो तथा छोटो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमका कार्यक्रमहरु सञ्चालन गरी उल्लेख्य संख्यामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको छ । परिषद्बाट उत्पादित जनशक्तिले स्वदेश तथा विदेशमा रहेर प्राविधिक ज्ञान र सीप प्रदर्शन गरी जिविकोपार्जन गर्दै आइरहेका छन् । यसका साथै भौगोलिक विकटता, प्राकृतिक प्रकोप तथा २०७२ को भुकम्प पछिको पुर्ननिर्माण र कोरोनाको महामारीमा समेत कृषि, स्वास्थ्य, पर्यटन तथा इन्जिनियरिङ्ग क्षेत्रमा उत्कृष्ट सेवा पुऱ्याउँदै आएको कुरा सर्वविदितै छ । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरु मार्फत युवा तथा लक्षित समुदायको क्षमता विकास तथा उद्यमशीलता अभिवृद्धि गरी सिक-कमाउ-तिर (Learn, Earn & Pay) को अवधारणा अनुसार आफ्ना गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल सरकारको साझा राष्ट्रिय आकांक्षा अनुरुप "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई मूर्तरुप दिन प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सबै नागरिकहरुको समतामुलक र समावेशी पहुँच पुऱ्याई श्रम बजारको माग अनुसारको गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधि मैत्री दक्ष जनशक्तिको उत्पादन गरी दिगो विकासका लक्ष्यहरु पुरा गर्न परिषद् प्रतिवद्ध रहेको छ । प्राविधिक शिक्षालाई गरी खाने शिक्षाको रुपमा विकास गरी बदलिदो परिवेश सुहाउँदो गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्न परिषद्ले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको परिप्रेक्ष्यमा प्रस्तावित ऐनमा थप अधिकार सम्पन्न एक स्वायत्त निकायको रुपमा परिषद्लाई स्थापित गर्दै जानु आजको प्रमुख आवश्यकता रहेको छ ।

# परिषद्को ३४ औं वार्षिकोत्सव सम्पन्न




प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को ३४ औं वार्षिक उत्सव कार्यक्रम मिति २०७८ फागुन १२ गते केन्द्रीय कार्यालय सानोठिमी, भक्तपुरमा सम्पन्न भयो । कार्यक्रमका प्रमुख अतिथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले वैज्ञानिक, व्यावसायिक र व्यावहारिक शिक्षाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । मन्त्री पौडेलले नयाँ विषयको खोजी, नयाँ संरचना विकास र स्थानीय तहमा साझेदारी पहुँच विस्तार गरी परिषद्को क्षेत्र र गरिमालाई बढाउनु आवश्यक रहेको बताउनु भयो । शैक्षिक बेरोजगारी राज्यको ठूलो समस्या भएकाले गुणस्तरीय प्राविधिक शिक्षाको माध्यमबाट सो समस्या समाधानमा परिषद्ले सहयोग पुऱ्याउने अपेक्षा मन्त्री पौडेलले गर्नुभयो । उक्त अवसरमा मन्त्री पौडेलले परिषद्द्वारा प्रकाशित अनुसन्धानमूलक जर्नल (Journal of TVET – 2022) विमोचन गर्नु भएको थियो ।

कार्यक्रमका विशिष्ट अतिथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव यादव कोइरालाले गुणस्तरीय र रोजगारमूलक शिक्षा प्रदान गरी देशलाई आवश्यक दक्ष मानव स्रोत उत्पादनमा परिषद्को उल्लेखनीय भूमिका रहेको बताउँदै परिषद्का कर्मचारीले नयाँ अवधारणासहित काम गर्न निर्देशन दिनुभयो । परिषद्ले आफ्नो विशेष पहिचान कायम राख्दै परिषद्को समग्र उन्नयनका लागि अन्य निजी संस्थाहरुसँग प्रतिस्पर्धी गर्नैपर्ने तर्फ उहाँले जोड दिनुभयो । परिषद्को विकास र विस्तारका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सदैव तयार रहेको र नयाँ ऐनले यी कुरा सुनिश्चित गर्ने बताउनुभयो ।

कार्यक्रमका अध्यक्ष एवं परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई सार्थकता दिनको लागि परिषद्ले सीपयुक्त जनता, समृद्ध नेपाल दूरदृष्टि राखी विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएको सन्दर्भमा राष्ट्रिय लक्ष्यलाई सार्थक बनाउन प्राविधिक शिक्षा एवं तालिमले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

परिषद्का सदस्य-सचिव जीवनारायण काफ्लेले परिषद्ले 'सीपयुक्त जनता, समृद्ध नेपाल' दूरदृष्टि राखी आफ्ना गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सबै नागरिकको समावेशी एवं समतामूलक पहुँच पुऱ्याउन परिषद् क्रियाशिल रहेको उहाँले बताउनु भयो । हालसम्म गरेका प्रगति र अवसर उल्लेख गर्दै परिषद्ले आफ्ना क्रियाकलाप सञ्चालन गर्ने सिलसिलामा थुप्रै चुनौति रहेको उहाँले बताउनु भयो ।

सो अवसरमा परिषद् सेवामा रही उत्कृष्ट कार्य सम्पादन गर्ने ५ जना कर्मचारीलाई पुरस्कृत गरिएको थियो । कार्यक्रमस्थलमा परिषद्का विभिन्न आङ्गिक शिक्षालयका प्रशिक्षार्थीहरुद्वारा निर्मित तथा उत्पादित वस्तु तथा सेवाको प्रदर्शन गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि, अतिथिहरुले उक्त प्रदर्शनी रुचीपूर्वक अवलोकन गर्नु भएको थियो । कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिवहरु, राष्ट्रिय परीक्षा वोर्डका अध्यक्ष डा. महाश्रम शर्मा, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, शिक्षा सेवी लगायत अन्य विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सूचना तथा अनुसन्धान महाशाखाका उप-निर्देशक अनीलमुनी बज्राचार्यले गर्नु भएको थियो ।

# परिषद्को ३९ औं व्यवस्थापन समीक्षा गोष्ठी सम्पन्न




प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को ३९ औ व्यावस्थापन समीक्षा गोष्ठी मिति २०७८ चैत्र १२ देखि १५ सम्म पोखरामा सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका शिक्षा, सस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठले प्राविधिक एवं व्यावसायिक शिक्षा नै आजको आवश्यकता रहेको प्रष्ट पार्नु भयो । उहाँले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले पुऱ्याउँदै आएको सेवाको सराहना गर्दै देश विकासमा लागि आवश्यक दक्ष, सीपयुक्त र गुणस्तरीय जनशक्ति उत्पादनमा परिषद् केन्द्रित रहनु पर्ने कुरा बताउनु भयो । उहाँले गण्डकी प्रदेश सरकार र परिषद् प्रदेश कार्यालय बिचको समन्वय र सहकार्यमा धेरै राम्रा र प्रभावकारी कामहरू भएको उल्लेख गर्दै वैज्ञानिक, व्यावसायिक र व्यावहारिक शिक्षाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को महत्वपूर्ण भूमिका रहेको बताउनु भयो ।

कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य एवं परिषद्का निवर्तमान सदस्य सचिव डा. पुष्परमण वाग्लेले श्रम बजारको माग अनुसार देशलाई आवश्यक गुणस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नुपर्ने कुरामा जोड दिँदै परिषद्ले अध्ययन अनुसन्धानका आधारमा हाल सञ्चालन भएका कार्यक्रमका पाठ्यक्रम समयानुकुल परिवर्तन गर्दै बजारमुखी बनाउनु पर्ने बताउनु भयो । उहाँले सरकारले चाहे अनुसारको गरिवी न्यूनीकरणका कार्यक्रममा परिषद्ले जोड दिनुपर्ने बताउनु भयो ।

कार्यक्रमका विशिष्ट अतिथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव यादव कोइरालाले गुणस्तरीय र रोजगारमूलक शिक्षा प्रदान गरी देशलाई आवश्यक दक्ष मानव स्रोत उत्पादनमा परिषद्को उल्लेखनिय भूमिका रहेको बताउँदै परिषद्ले आगामी दिनमा आफ्नो सिर्जनशिलता, नविनता र उद्यमशिलता प्रदर्शन गर्नुपर्ने तर्फ जोड दिनुभयो । उहाँले स्थानिय आवश्यकताको आधारमा भूगोल, जनसंख्या, सामाजिक परिवेश अनूकुल हुने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको बिस्तार गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रमका सभाध्यक्ष एवं परिषद्का उपाध्यक्ष खगेन्द्र प्रसाद अधिकारीले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई सार्थकता दिन परिषद्ले बिभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आएको र आगामी दिनमा परिषद्का सम्पूर्ण कर्मचारीहरुले TVET को विकास र विस्तारका लागि नयाँ सिराबाट अगाडि बढ्नु पर्ने तर्फ जोड दिनुभयो ।

कार्यक्रममा सदस्य सचिव जीव नारायण काफ्लेले परिषद्बाट सम्पादन भएका कार्यक्रम तथा गतिबिधिहरूका बारेमा प्रकाश पार्नु भएको थियो । गोष्ठीमा उपस्थित प्रमुख अतिथि, अतिथि तथा सहभागीहरू सबैलाई परिषद् गण्डकी प्रदेशका निर्देशक प्रमोद भक्त आचार्यले स्वागत गर्दै प्राविधिक तथा व्यावसायिस तालिमका गतिबिधि, प्रगति, अवसर, चुनौति र आगामी कार्ययोजनाका बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

सुन्दर पर्यटकिय नगरी पोखराको होटल ल्याण्डमार्कमा भएको उक्त कार्यक्रममा त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा. डा. शिवराज अधिकारी, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. कमल प्रसाद पोखरेल, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशका सचिव देवेन्द्र लामिछाने, परिषद्का निर्देशकहरू, परिषद्का ६३ वटा आङ्गिक शिक्षालयका प्रमुखहरू सहित परिषद्का उप निर्देशकहरू तथा कर्मचारीहरू सहित करिब ११० जनाको सहभागिता रहेको थियो । उद्घाटन कार्यक्रम पश्चात प्रदेश अन्तर्गतका शिक्षालय र प्रदेशहरूको कार्यक्रम, गतिबिधि, बिद्यमान समस्या, अवसर, चुनौति र समस्या समाधानका लागि सुझावहरूका बारेमा प्रस्तुति गरिएको थियो ।

गोष्ठीको दोस्रो दिन शिक्षा बिज्ञान तथा प्रविधि मन्त्री माननीय मन्त्री देबेन्द्र पौडेलले गोष्ठी कार्यक्रमको सफलताको शुभकामना दिनु हुंदै गोष्ठीबाट आउने निचोड मन्त्रालयमा पेश गर्न र यसको कार्यान्वयनका लागि मन्त्रालयले सहयोग गर्ने प्रतिबद्धता जनाउनु भयो । ४ दिनसम्म चलेको व्यवस्थापन समीक्षा गोष्ठीमा परिषद् का समसामयिक समस्याहरूका बारेमा बिभिन्न ८ वटा समूहगत छलफल गरी आएका निचोड समेत प्रस्तुत गरिएको थियो । गोष्ठीको अन्त्यमा समसामयिक बिषयमा आठ बुंदे पोखरा प्रतिबद्धता पत्र सार्वजनिक गरेको थियो ।

## ३९ औं व्यवस्थापन गोष्ठी पोखरा प्रतिवद्धता पत्र

१. परिषद् अन्तर्गतका शिक्षालयहरु स्थापना तथा कार्यक्रम थप गर्दा आवश्यक न्यूनतम पूर्वाधारको सुनिश्चितता पश्चात मात्र कार्यक्रम सञ्चालन गर्ने ।

२. सबै शिक्षण संस्थाहरुको गुणस्तर अभिवृद्दि गर्नका लागि परिषद् कार्यालयले स्वीकृत गरेको गुणस्तर सुधार योजना (QIP) र गुणस्तर प्रत्यायन (QA) सम्बन्धी मापदण्ड अनिवार्य रुपमा लागू गर्ने ।

३. परिषद् अन्तर्गत सञ्चालनमा रहेका शिक्षालयहरुमा न्यूनतम प्रशिक्षार्थी पुरा नभएका शैक्षिक संस्थाहरुको कार्यक्रमहरुको परिमार्जन र आवश्यकता अनुसार क्रमशः मर्जिङ्गका मापदण्ड अनिवार्य रुपमा लागू गर्ने ।

४. व्यावसायिक प्रशिक्षकको मानक तयार गर्ने ।

५. पदपूर्ति प्रकृयालाई सुचारु गर्ने ।

६. सेवा करार सेवा सुविधा र शर्त सम्बन्धी कार्यविधि तयार गरी सेवा सुविधाको व्यवस्था गर्ने ।

७. शिक्षालयबाट उत्पादित जनशक्तिको रोजगारीको अवस्था शिक्षालयबाट अध्यावधि गरी प्राप्त विवरणहरुलाई समावेश गरी प्रदेश कार्यालयबाट वार्षिक बुलेटिन प्रकाशन गर्ने ।

८. पूर्ण शुल्किय तर्फका प्रशिक्षार्थी भर्ना प्रक्रियाको प्रवेश परीक्षा निश्चित मापदण्डको अधिनमा रही आगामी शैक्षिक सत्रदेखि सम्बन्धित शिक्षण संस्थालाई भर्ना तथा प्रवेश परीक्षाको लागि अख्तियारी दिन पहल गर्ने ।



# पोखरा प्राविधिक शिक्षालयमा

## शिक्षा मन्त्रीको भ्रमण

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले पोखरा प्राविधिक शिक्षालयको मिति २०७८ चैत १३ गते स्थलगत भ्रमण गर्नुभयो । भ्रमणका क्रममा शिक्षालयमा सञ्चालित डिप्लोमा इन होटल म्यानेजमेन्ट र छोटो अवधिका वारिस्ता र वेकरी पेशााको सीपमुलक तालिमको अवलोकन गर्नु भयो । उहाँले प्रशिक्षार्थीहरूलाई तालिम पश्चात रोजगारमा जोड्न शिक्षालयले गरेको प्रयासको सह्राहना गर्दै रोजगारीको सुनिश्चितताको लागि जोड दिनुपर्ने बताउनु भयो । पर्यटकीय नगरी पोखरामा अवस्थित पोखरा प्राविधिक शिक्षालयलाई नेपालकै पर्यटन तथा हस्पिटालिटी क्षेत्रमा नमूना शिक्षालयको रूपमा स्थापित गरी काम गर्न परिषद् र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन समेत दिनु भयो ।



सो अवसरमा परिषद्का सदस्य सचिव जीव नारायण काफ्लले प्रशिक्षार्थीहरूको प्रयोगात्मक अभ्यासको निरीक्षण गर्दै पोखरा प्राविधिक शिक्षालयले पर्यटन क्षेत्रको बजार माग अनुसार देशलाई आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नुपर्ने कुरामा जोड दिनुभयो । शिक्षालयले तयार गरेको छ वर्षे रणनीतिक योजना अनुरूप पर्यटन बजारको माग अनुसारको दक्ष जनशक्ति उत्पादन गरी श्रम बजारसँग जोड्नु पर्ने कुरा समेत बताउनु भयो । उहाँले परिषद् अन्तर्गतको सक्षमता परियोजनाको आर्थिक सहयोगमा शिक्षालयलाई हस्पिटालिटी क्षेत्रकै उत्कृष्ट केन्द्र (Center of Excellence) को रूपमा विकास गर्न लागिएको र यसका लागि परिषद् कार्यालयले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो । सो कार्यक्रममा गण्डकी प्रदेश कार्यालयका निर्देशक प्रमोद भक्त आचार्यले समग्र गण्डकी प्रदेशको प्राविधिक शिक्षा एवं तालिमको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो ।

## राष्ट्रिय योजना आयोगका सदस्य र शिक्षा सचिवको निरीक्षण

राष्ट्रिय योजना आयोगका माननीय सदस्य एवं परिषद् का निवर्तमान सदस्य सचिव डा. पुष्परमण वाग्ले र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री यादव कोइराला सहितको टोलीले परिषद्को आंगिक शिक्षालयको रुपमा रहेको पोखरा प्राविधिक शिक्षालयको २०७८ चैत ११ गते शिक्षालयमा सञ्चालित कार्यक्रमहरुको अवलोकन, निरीक्षण गर्नुभयो । सो अवसरमा आयोगका माननीय सदस्य वाग्लेले शिक्षालयले प्रदान गरेको समतामूलक पहुँच सहितको गुणस्तरीय प्राविधिक शिक्षा र तालिमको प्रशंसा गर्नुभयो । शिक्षालयलाई पर्यटन र आथित्य सत्कार क्षेत्रकै नमुना शिक्षालय बनाउनका लागि राष्ट्रिय योजना आयोगबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।



सो अवसरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव कोइरालाले शिक्षालयमा सञ्चालित तालिमको प्रत्यक्ष अवलोकन गर्दै प्रशिक्षार्थीहरुले तयार पारेका परिकारहरु ग्रहण गर्दै उनीहरुसँग प्रशिक्षण तालिम सम्बन्धी जिज्ञासा राख्नु भएको थियो । साथै उहाँले शिक्षालयबाट उत्पादित प्रशिक्षार्थीहरुको विवरण सहित स्वदेश/बैदेशिक रोजगार वा स्वरोजगारीको अवस्था एकिन तथ्याङ्क हुनुपर्नेमा जोड दिदै श्रम बजार र उत्पादित जनशक्ति विचको ग्याप नरहने गरी उत्पादित जनशक्तिलाई रोजगारमा जोड्ने गरी कार्यक्रम सञ्चालन गर्न निर्देशन दिनु भयो ।

सो अवसरमा शिक्षालयका प्रमुख श्री हर्कलाल श्रेष्ठले अथितिहरुलाई स्वागत गर्दै शिक्षालयको समग्र गतिविधिका बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । उक्त अवसरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्राविधिक शिक्षा महाशाखाका प्रमुख डा. कमल पोखेल एवं परिषद्का कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयबाट भएका महत्वपूर्ण कार्यहरु

- गुणस्तर सुधार एवं परीक्षा व्यवस्थापन सम्बन्धी १ दिने गोष्ठी सम्पन्न ।
- तालिम सञ्चालनको लागि आवश्यकता पहिचान सम्बन्धी उद्योग बाणिज्य संघ, तालिम प्रदायक संस्थाहरुसंग १ दिने गोष्ठी सम्पन्न ।
- तालिमको गुणस्तर एवं तालिम सञ्चालन प्रकृया सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन ।
- आंगिक, साझेदारी, सामुदायिक र सम्बन्धन प्राप्त निजी शिक्षण संस्थाहरुको नियमित अनुगमन ।
- २१०० जनालाई छोटो अवधिका तालिम सञ्चालनका लागि आंगिक/साझेदारी/TECS/ सम्बन्धन प्राप्त निजी तालिम प्रदायक संस्थाहरुसंग सम्झौता सम्पन्न ।
- १५ प्रतिशत शुल्क छुट र अध्ययन शुल्क एकरुपताको लागि बिद्यार्थी संगठन र सरोकार वालाहरुसंग अन्तरक्रिया गरी समस्या समाधान गर्न पहल ।
- प्राबिधिक तथा ब्यावसायिक शिक्षा र तालिम (TEVT) बारे प्रदेश तथा स्थानिय तहका बिभिन्न सरोकारवालाहरुलाई परामर्श सेवा प्रदान ।
- सीप परीक्षण केन्द्र निर्माण गर्न भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडी र सेती प्राबिधिक शिक्षालय, दिपायल डोटीमा टेण्डर स्वीकृत भै निर्माण कार्य सञ्चालन ।
- छोटो अवधिका तालिम कार्यक्रमहरुको नियमित तथा आवधिक अनुगमन ।
- सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम सञ्चालन अनुमतिका लागि पूर्वाधार निरीक्षण ।
- कोभिडका कारण गत आ.व.मा सम्पन्न हुन नसकेका तालिमहरुको सञ्चालन गरी १३० वटा तालिम कार्यक्रमको सीप परीक्षण कार्य सम्पन्न भएको र बाँकी २० प्रतिशतको सीप परीक्षण प्रकृयामा रहेको ।
- मंगलसेन बहुप्राविधिक शिक्षालय, अछामको भवन निर्माणका लागि DPR गर्न परामर्शदाता छनौट भई कार्य प्रारम्भ ।
- परशुराम बहुप्राविधिक शिक्षालय, डडेल्धुरा स्थापनाका लागि जग्गा प्राप्तिका लागि सम्बन्धित नगरपालिकासँग समन्वय भई जग्गा प्राप्तिको प्रक्रियामा रहेको ।



# प्राविधिक टेक्निसियनमा महिला उद्यमी



बागवजार स्थित पद्म कन्या क्याम्पसको बिहानी सत्रमा बीए दोस्रो बर्षमा अध्ययनरत मध्यपुर थिमी नगरपालिका वडा नं. ८, वोडे नछुटोल निवासी इन्दु शाहुको सानैदेखिको रहर आम छात्राहरूको भन्दा निकै फरक थियो । बिभिन्न स्वादिष्ट मिठाईहरूका परिकार बेच्ने मिठाईपसलको साहुनी हुने आफ्नो पुर्खौली पेशाले उनलाई आकर्षण गर्न सकेन । त्यसो त त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा मासिक १० हजारको कम्प्युटर अपरेटरको जागिरले पनि उनलाई रोक्न सकेन । आफ्नै दाजुले सञ्चालन गरेको बिद्युतीय सामग्री मर्मत गर्ने पसलले भने उनको भविष्यको बाटो तय गरे जस्तो लाग्छ उनलाई । फुर्सदको समयमा मिठाई पसलमा बसेर अभिभावकलाई सहयोग गर्नु भन्दा ईलेक्ट्रिकल पसलमा बसेर दाजुसँगै सीप सिक्ने रहरले इन्दुलाई बालाजु औद्योगिक क्षेत्रस्थित तत्कालिन मेकानिक तालिम केन्द्रसम्म पुऱ्यायो । कुरो २०५३ सालतिरको हो, ईलेक्ट्रिसियन बन्ने तिब्र ईच्छा लिएर उनी हालको बालाजु स्कूल अफ इन्जिनियरीङ्ग एण्ड टेक्नोलोजीमा २ बर्षे टीएसएलसी इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग कोर्षमा भर्ना भईन । उनी साधारण शिक्षा भन्दा प्राविधिक शिक्षा पढ्न मेहनत, समयको पालना, ९० प्रतिशत हाजिरी, सैद्दान्तिक भन्दा पनि प्रयोगात्मक अभ्यासमा बढि जोड दिनुपर्ने कुराहरु सँगै गुरूहरुको पढाउने तथा सीप सिकाउने कला, अभिभावकको जस्तो व्यवहार र साथीहरूको सहयोग अविश्मरणिय रहेको बताउछिन् ।

भक्तपुरको बोडेदेखि बालाजुसम्म पढ्न जादा समयमा बस नपाउने, कहिले पानीले रूझाउने, कहिले हावा हुरीले रुख ढालेर बाटो छेक्ने त कहिले नेपाल बन्द हुने समस्यामा पनि कयौं दिन त पैदल हिडेरै पढाई पुरा गरेको उनी सम्झिन्छिन । बिहान पिके क्याम्पसको ब्याचलरको पढाई, दिउँसोको कम्प्युटर अपरेटरको जागिर अनि आफ्नै मिठाईपसल छाडेर महिलाले ईलेक्ट्रिकल बिषय पढ्ने कुरामा इन्दुलाई परिवारको पटक्कै सहयोग र समर्थन थिएन । तर अवसर पाएमा महिलाले पनि पुरूष सरह जुनसुकै क्षेत्रमा काम गर्न सक्छन भन्ने उदाहरण स्थापित गराउने दृढ इच्छा शक्तिका कारण इन्दुले २ बर्षमै सिटिईभिटिको प्राविधिक शिक्षा पुरा गरिन् ।

ईलेक्ट्रिकल बिषयमा प्राविधिक एसएलसी उत्तिर्ण गरेपछि पनि उनी दाजुकै पसलमा काम गर्दै ईलेक्ट्रिकल तथा ईलेक्ट्रोनिक्स सम्बन्धी थप सीपहरू सिकिन । स्वरोजगार हुने पारिबारिक पृष्ठभूमीका कारणले होला उनले सरकारी जागिरमा त्यति मन गरिनन् त्यसो त बिरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्रले गरेको ईलेक्ट्रिसियन पदको बिज्ञापनमा आफू सफल भएर पनि इन्दुले बैकल्पिक उम्मेदवारलाई अवसर दिईन । उनले २०५८ सालमा राष्ट्रिय सीप परीक्षण समितिको बिल्डिङ्ग इलेक्ट्रिसियनको तह ३ को सीप परिक्षण पनि पहिलो प्रयास मै पास गरिन् । उनी ईलेक्ट्रिकलको राम्रो प्रशिक्षक तथा सीप परीक्षणको मूल्याङ्कनकर्ता (एसेसर) पनि हुन् । इन्दु इलेक्ट्रिकल सम्बन्धी तालिम दिन र सीप परीक्षणको मूल्याङ्कन गर्नमा पनि त्यत्तिकै सक्रिय हुन्छिन् । भक्तपुरको गट्ठाघर चोकबाट सानोठिमी तिर जाने बाटोमै उनको आफ्नै इन्दु इलेक्ट्रो सर्भिस नामको विद्युतीय सामग्री मर्मत पसल छ । २०६४ सालदेखि निरन्तर सञ्चालनमा रहेको इन्दुको पसलमा उनी बाहेक ४ जनाले

रोजगारी समेत पाएका छन् । उनको पसलमा ईलेक्ट्रिकल र इलेक्ट्रोनिक सम्बन्धी औद्योगिक र घरायसी उपकरणहरू मर्मत सम्भार गर्नुका साथै ईलेक्ट्रिकल मोटरजडित मेसिन, औजार तथा प्यानल बोर्ड सम्बन्धी सम्पूर्ण सेवाहरू उपलब्ध छन् ।

उनको सफलताको श्रेय उनी आफैलाई दिन्छिन् । "सबैजनाले गरिरहेको काम भन्दा पनि कसैले नगरेको केही नयाँ काम गर्नुपर्छ भनेर यो क्षेत्र रोजें । महिला भनेर काममा अघि सरिएन भने सफलता प्राप्त गर्न सकिदैन ।" उनी भन्छिन् । कामलाई यो महिलाको यो पुरुषको भनी छुट्याउने चलनले गर्दा यो बिषय पढ्न कम रुचि राखेको हो कि जस्तो लाग्छ । प्राविधिक शिक्षा पढेमा आत्मानिर्भरताका साथ मान सम्मान अनि आम्दानी पनि राम्रो हुनेमा ढुक्क छिन् । "आज महिलाहरुको लागि बिना ईलेक्ट्रिसिटी कसैको दिनचर्या चल्दैन सानो सानो तालिम लिई थोरै लगानी गरेर पनि आफ्नै व्यवसाय गर्न सकिन्छ" उनी बताउँछिन् । महिला उद्यमी इन्दुको व्यवसाय दिन प्रतिदिन बिस्तार हुँदै गएको छ । पसलको आम्दानी र सेवाग्राहीको स्याबासीबाट उनी सन्तुष्ट रहेको बताउँछिन् । "काम प्रति सम्मान गर्दै आफूले गरेको काम आफै लाई चित्त बुझ्दो हुनुपर्छ । पैसाको पछि लाग्ने मान्छे सधै पछि पर्ने हुँदा राम्रो काममा आफू अगाडि बढेमा आफ्नो पछि पछि पैसा आफै आउँछ" भन्नेमा उनी ढुक्क छिन् ।

आजका बेरोजगार यूवाहरूका लागि इन्दु प्रेरणाको स्रोत हुन सक्छिन । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले गरेका राम्रा कामहरूलाई अझै व्यापक र बिस्तार गर्न यस क्षेत्रमा रूचि राख्ने सबैलाई उचित सीप र तालिम प्रदान गर्दै स्वरोजगार र उद्यमशील बन्न हौसला दिनु पर्ने उनी बताउँछिन् । आफूले सिकेका सीपहरूको बिस्तार र हस्तान्तरण गर्न यूवा लक्षित बिभिन्न तालिम दिएर आफू जस्तै दक्ष प्राविधिक तयार गर्ने गरी तालिम केन्द्र स्थापना गर्ने उनको भावी योजना रहेको छ । उनी जस्तै सीपयुक्त दक्ष प्राविधिक जनशक्ति तयार गरी रोजगारका अवसरहरू प्रदान गर्ने उनको योजनाले पूर्णता पाओस् साथै उनको व्यावसायिक जीवनमा अझै सफलता चुम्दै जाओस् । हार्दिक शुभकामना !!




## अनुरोध

CTEVT News Bulletin मा वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय नामक नयाँ नियमित स्तम्भ प्रकाशित गरिदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमबाट प्रशिक्षित भई अरुलाई प्रेरणा दिने खालका सफलताका कथाहरु र प्राविधिक शिक्षालयको संक्षिप्त परिचयात्मक गतिविधिहरु झल्कने लेख तथा फोटाहरु सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना researh@ctevt.org.np मा उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं । - सम्पादक मण्डल

# शिक्षालय परिचय

## धौलागिरी बहुप्राविधिक शिक्षालय

बाग्लुङ्ग जिल्ला बाग्लुङ्ग नगरपालिका वाड नं. १४ बलेवामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालयको रुपमा वि.स.२०७४ सालमा धौलागिरी बहुप्राविधिक शिक्षालयको स्थापना भएको हो। आधारभुत तथा मध्यमस्तरको दक्ष प्राविधिक जनशक्ति उत्पादन मार्फत स्वरोजगार तथा रोजगारीको अवसर सिर्जना गरी देशको समग्र अर्थिक स्तर वृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ यस शिक्षालय सञ्चालनमा रहको छ । आफ्नो स्थापना कालदेखि नै शिक्षालयले प्रशिक्षार्थीहरुको ज्ञान, सीप र मनोवृती जस्ता प्राविधिक शिक्षाका महत्वपूर्ण पक्षहरुको विकासको लागि सम्पूर्ण ध्यान केन्द्रित गर्दै आएको छ । यस शिक्षालयमा अहिले देशका ७ वटै प्रदेशका प्रशिक्षार्थीहरु नियमित तथा वर्गीकृत निःशुल्क छात्रवृति कार्यक्रमको शिक्षण सिकाईमा आवद्ध रहेका छन् ।

### शिक्षालयमा सञ्चालित कार्यक्रमहरु:

१. डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान)
२. डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान)
३. प्रि- डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान)

हालसम्म करिब २८ रोपनी जग्गा यस शिक्षालयको स्वामित्वमा रहेको र करिब ५० रोपनी जग्गा शिक्षालयको नाममा भोगचलन गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएको छ । उक्त जग्गामा कृषि तथा पशुपालन सम्बन्धी प्रयोगात्मक अभ्यास भईरहेको छ । विभिन्न पाँच वटा डिप्लोमा तहको कार्यक्रम सञ्चालन गर्ने गुरुयोजना रहेको यस शिक्षालयमा थप कार्यक्रमका लागि भौतिक संरचना निर्माण सम्वन्धी कार्यहरु निरन्तर रुपमा भैरहेका छन् ।

पर्यटकीय क्षेत्रको रुपमा विकास भईरहेको यस क्षेत्रमा शिक्षालयले होटल तथा पर्यटन व्यवसायलाई आवश्यक कृषि तथा पशुजन्य उत्पादनबाट यो क्षेत्रलाई आत्मनिर्भर बनाउनको लागि स्थानीय तहसँगको समन्वय र सहयोगमा विभिन्न छोटो अवधिका सीपमूलक तथा उत्पादनमूलक तालिम कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ ।

शिक्षालयले गुणस्तरीय प्रशिक्षण तथा प्रभावकारी सिकाई कायम गर्न प्रर्याप्त ध्यान दिई पाठयक्रमले तोकेको सम्पूर्ण अभ्यासका लागि आवश्यक विज्ञान प्रयोगशालाहरु, कम्प्युटर ल्याब, भेटेरिनरी ल्याब, कृषि ल्याब, माछा पोखरी, बङ्गुर खोर, गाई गोठ, बाख्राको खोर निर्माण गरी पशुपालन गर्दै आएको छ । साथै कृषि कार्यका लागि यहाँ उपलब्ध रहेको भिरालो जमिनलाई व्यवस्थित खेतीयोग्य जमिनमा परिणत गर्दै स्थायी टनेल निर्माण गरी प्रयोगात्मक अभ्यास मार्फत कृषिजन्य उत्पादन गरेर विद्यार्थीहरुलाई सिक, कमाउ र तिरको अवधारणा कार्यान्वयन गर्न पहल गर्दै आएको छ ।



# फोटो फिचर


"उत्पादनमुखी प्राविधिक शिक्षा
आजको आवश्यकता"
सानोठिमी, भक्तपुरको
३४ औं वार्षिकोत्सव कार्यक्रम
२०७८ फागुन १२ गते बिहीबार














Production Unit
शंखरापुर वहुप्राविधिक शिक्षालय
साँखु, काठमाडौं
३४ औं वार्षिक उत्सव
सिक, कमाउ, तिर
(Learn, Earn and Pay)
प्रदर्शनी कक्ष

# फोटो फिचर








प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद
सुदूरपश्चिम प्रदेश कार्यालय
धनगढी, कैलाली
प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा गुणस्तर सुनिश्चितता
शिक्षण संस्थाहरुका लागि सम्भावना र चुनौती
विषयक
एक दिने कार्यशाला गोष्ठी






Scaffolding
Training Field

